# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, वैशाख ३० गते २०५६ साल (संख्या ५

## भाग ३

श्री ५ को सरकार

### प्रधानमन्त्रीको कार्यालयको सूचना

#### प्रधानमन्त्री सहायता कोष नियमावली, २०५६

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "प्रधानमन्त्री सहायता कोष नियमावली, २०५६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "कोष" भन्नाले नियम ३ बमोजिम स्थापना भएको प्रधानमन्त्री सहायता कोष सम्झनुपर्छ ।

(ख) "समिति" भन्नाले नियम ५ बमोजिम गठन भएको कोष सञ्चालक समिति सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. कोषको स्थापनाः (१) प्रधानमन्त्री सहायता कोष नामको एक कोषको स्थापना गरिएको छ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्।

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) कोषलाई आवर्ति कोष (रिवल्विङ्ग फण्ड) को रूपमा सञ्चालन गरिनेछ।

४. कोषको प्रयोगः (१) कोषमा जम्मा भएको रकम देहाय बमोजिमको कार्यमा खर्च गरिनेछः—

(क) गम्भीर बिरामी भई औषधोपचार गराउन नसक्ने अवस्थाका राष्ट्रिय जीवनका ख्याति प्राप्त व्यक्तिको औषधोपचारमा सहयोग गर्ने,

(ख) आर्थिक अवस्था दयनीय भएका व्यक्ति बिरामी परी औषधोपचारका लागि अस्पताल ल्याउँदा र अस्पतालबाट लैजाँदा सहयोग गर्ने,

(ग) दैवी प्रकोप वा दुर्घटनामा पर्नेहरूलाई उद्धार गर्न, सद्‌गत वा काजक्रिया खर्च बापत मृतकका आफन्तलाई सहयोग गर्ने,

(घ) आर्थिक तथा सामाजिक उत्थान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना भएका सामाजिक संघ संस्थाहरू-लाई कुनै विशेष कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने,

(ङ) कमजोर आर्थिक अवस्था भएकालाई सहयोग गर्ने।

(२) उपनियम (१) बमोजिम कोषको प्रयोग गर्ने आधार, कार्यविधि तथा आर्थिक सहयोगको दर समितिले निर्धारण गरे बमोजिम हुनेछ।

५. कोष सञ्चालन समितिः (१) नियम ४ बमोजिमको आर्थिक सहयोग उपलब्ध गराउनको लागि देहाय बमोजिमको एक कोष सञ्चालक समिति रहनेछः—

(क) सचिव, प्रधानमन्त्रीको कार्यालय — अध्यक्ष

(ख) सह-सचिव, गृह मन्त्रालय — सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

22

(ग) सह-सचिव, अर्थ मन्त्रालय सदस्य

(घ) सह-सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय सदस्य

(ङ) सह-सचिव, प्रधानमन्त्रीको कार्यालय सदस्य-सचिव

(२) समितिले आफ्नो कार्यबिधि आफैं व्यवस्थित गर्न सक्नेछ ।

६. कोषको व्यवस्था र सञ्चालनः (१) यस नियमावली बमोजिम कोषको नाममा प्राप्त हुन आउने रकम जम्मा गर्न नेपाल राष्ट्र बैंकमा एउटा खाता खोलिनेछ ।

(२) उपनियम (१) बमोजिमको खाताको सञ्चालन समितिको सदस्य-सचिव र प्रधानमन्त्रीको कार्यालयको लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।

७. परामर्श लिन सक्नेः समितिले यस नियमावली बमोजिम आफ्नो कार्य सम्पादन गर्दा उपयुक्त सम्झेको व्यक्ति तथा निकायसंग आवश्यक परामर्श लिन सक्नेछ ।

८. लेखा र लेखापरीक्षणः (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

९. अधिकार प्रत्यायोजनः नियम ४ बमोजिम कोषको प्रयोग गर्ने सम्बन्धमा समितिले निर्धारण गरेको आधार, कार्यविधि तथा आर्थिक दरको अधिनमा रही आर्थिक सहयोग उपलब्ध गराइने व्यक्ति वा संस्थाको पहिचान गरी आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गर्ने अधिकार समितिले अध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१०. श्री ५ को सरकारसंग सम्पर्कः समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा प्रधानमन्त्रीको कार्यालय मार्फत राख्नु पर्नेछ ।

आज्ञाले,
श्रीकान्त रेग्मी
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

22

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले वन ऐन, २०४९ को दफा २३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरीसुर्खेत जिल्ला, लाटिकोइली गाउँ विकास समिति अन्तर्गतको वडा नं. ८ को लाटिकोइली डाडाँ (जब्दी र कालिमाटी आवादी) देखि पूर्व, वडा नं. २ को थारु वस्ती नयाँ गाउँको आवादीदेखि पश्चिम, वडा नं. ६ को पाताल गंगाको आवादीदेखि उत्तर र वडा नं. ८ को कुन्डी गाउँ आवादीदेखि दक्षिण, यति चार किल्लाभित्रको १६७.१६ हेक्टर क्षेत्रफलको राष्ट्रिय वनलाई संरक्षित वनको रूपमा घोषित गरेकोले सोही दफाको उपदफा (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
मधुप्रसाद रेग्मी
उपसचिव (कानून)



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार